# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्या : ५ श्रावण ८, २०७५


## भाग-१

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयको
### सूचना

## मुसिकोट नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

संवत् २०७५ सालको ऐन नं ५

**प्रस्तावना**: नगरसभा सदस्यहरुको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले, मुसिकोट नगरपालिकाको तेस्रो सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम मुसिकोट नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले संविधाको धारा २१६ को उपधारा १ बमोजिम नगर कार्यपालिका प्रमुख सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले संविधाको धारा २१६ को उपधारा २ बमोजिम नगर कार्यपालिका उपप्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्य सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले नगरपालिकाको वडा सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नेल संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ ।

(छ) "सभा" भन्नाले नगरसभा सम्झनु पर्छ ।

(ज) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२३ बमोजिम नगर सभाका सदस्य सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले मुसीकोट नगरपालिका सम्झनु पर्छ ।

३. **<u>सुबिधाको प्रारम्भ:</u>** स्थानीय तहका पधाधिकारी र सदस्यले आफू निर्बाचित भइ अनुसूचि -२ बमोजिम पद तथा गोपनीयताको सपथ लिई पदभार ग्रहण गरेको मितिदेखि अनुसूची-१ बमोजिमको रकममा नबढ्ने गरि स्थानीय तहको आन्तरिक श्रोत समेतका आधारमा मासिक सुबिधा पाउनेछन् ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन भइ संकटकाल घोषणा भएको अबस्थामा यो व्यवस्था लागु हुनेछैन ।

४. **<u>सवारी तथा यातायात सुबिधा:</u>** (१) प्रमुख लाइ मुसिकोट नगरपालिकाले सवारी साधन तथा इन्धन उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी उपलब्ध गराएकोमा यस दफा बमोजिमको अन्य यातायात सुबिधा उपलब्ध गराइनेछैन र त्यस्तो सवारी साधनलाई सभाले तोकेबमोजिमको इन्धन तथा मोबिल उपलब्ध गराइनेछ।

(३) नगरपालिकाका वडा अध्यक्ष वा सदस्यलाई मुसिकोट नगरपालिका केन्द रहेको स्थानमा बैठकमा भाग लिन जाँदा र फर्कदा यातायात प्रयोग गर्नुपर्ने

भएमा त्यस्तो पधाधिकारी तथा सदस्यले नगरपालिकाको आन्तरिक श्रोत समेतको आधारमा सार्बजनिक यातायातमा लाग्ने खर्च रकम बराबरको यातायात खर्च पाउनेछन् ।

५. **पत्रपत्रिका र सञ्चार सुविधा** (१) मुसिकोट नगरपालिकाले पदाधिकारीहरुलाई नगरपालिकाको आन्तरीक स्रोत समेतको आधारमा न्यूनतम सङ्ख्यमा पत्रपत्रिका खरिद गरी उपलब्ध गराउनेछ ।

(२) पदाधिकारीलाई सञ्चार सुविधाबापत अनुसूची–१ मा उल्लेखि भएबमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा सञ्चार सुविधा बापतको रकम दिइनेछ ।

६. **दैनिक भ्रमण भत्ता:** (१) सदस्यहरुले स्थानीय तहसँग सम्बन्धित कामको सिलसिलामा नेपालभित्र वा नेपालबाहिर भ्रमण गर्नुपर्दा मुसिकोट नगरपालिकाको आन्तरीक स्रोत समेतको आधारमा अनुसूची–१ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउनेछन् ।

(२) सदस्यहरुले उपदाफा (१) बमोजिम भ्रमण गर्नुपरेमा सो बापत लग्ने यातायात खर्च बिल बमोजिमको रकम भुक्तानी पाउनेछन् ।

(३) सदस्यहरुले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकमको दुर्घटना बीमा गर्दा लाग्ने बीमा शुल्कबापत बिलबमोजिमको रकम पाउनेछन् ।

७. **चाडपर्व खर्च:** पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाईने चाडपर्वको लागि आफूले खाइपाई आएको एक महिनाको सुविधा बराबरको रकम प्रत्येक आर्थिक बर्षमा चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

८. **एउटा सुविधा मात्र पाउने:** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनय भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको सुविधामध्ये एउटामात्र सुविधा पाउनेछन् ।

९. **दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यहरुलाई विशेष सुविधाः** (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई परिचारकको सेवा आवश्यकता छ भन्ने कुरा प्रमुखलाई लागेमा नगरकार्यपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने एक जना परिचारक उपलब्ध गराउनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको परिचारकलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछ,

(क) दैनिक भत्ता: पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ता: पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१०. **भत्ता तथा सुविधावापतको रकम भुक्तानीः** (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधवापतको रकम सम्बन्धित सभाको सचिवालय वा नगरकार्यपालिकाले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सो मार्फत भुक्तानी गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लखिएको भए तापनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंक खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा अन्य सुविधावापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय वा नगरकार्यपालिका कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

११. **निलम्बन परेमा भत्ता नपाउनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर, फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

१२. **<u>सुविधा कम हुने गरी निर्णय गर्न सक्नेः</u>** दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले पदाधिकारी वा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा सम्बन्धित स्थानीय तहको आन्तरीक स्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ ।

१३. **<u>सुविधाको दुरुपयोग गर्न नहुनेः</u>** यस ऐनका विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयम् ले मात्र उपयोग गर्न पाउने छैनन् । सम्बन्धित पदाधिकारी तथा सदस्यहरुले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिएकोभन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलार्य सुविधा दिलाईदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानी नोक्सानी पुर्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

१४. **<u>अनुसूची हेरफेर गर्न सकने:</u>** नगरपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचिमा हेरफेर गर्न सक्नेछ ।

१५. **अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ**: यस ऐनमा लेखिएको बाहेकका अन्य सुविधा तथा भ्रमण खर्च सम्बन्धी अन्य व्यवस्था स्थानीय  सरकारले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ ।

१६. **बचाउः** यो ऐन प्रारम्भ हुनुभन्दा अगाडी सभाको निर्णय बमोजिम पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

# अनुसूची– १
## (दफा ३,५,६,७ र ८ संग सम्बन्धित)

## (क) मुसिकोट नगरकार्यपालिका प्रमुख, उपप्रमुख, सदस्य तथा नगरसभाको सुबिधा

| क्र.स. | सुबिधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुबिधा | प्रति महिना रु. | ३४,००० | ३०,००० | २०,००० | ११,००० | ६,००० |
| २ | संचार सुबिधा | प्रति महिना रु . | २,००० | १,५,०० | १,००० | - | - |
| ३. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८,०० | १,६,०० | १६,०० | १६,०० |
| ४. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रतिदिन (अमेरिकी डलरमा) | १५० | १४० | १२५ | १२५ | १२५ |
| ५. | यात्रा बिमा | प्रति भ्रमण रु. लाखमा | १० | १० | ५ | ५ | ५ |
| ६. | यातायात खर्च | मासिक रु. | - | - | २,००० | - | - |
| ७. | इन्धन सुबिधा | मासिक लि . | ८० डिजेल | ७० डिजेल | १५ पट्रोल | - | - |
| ८. | मोबिल | त्रैमासिक लि. | ५ | ५ | १ | - | - |

द्रष्टव्य:

१. मुसिकोट नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले विदेश भ्रमण गर्दा भारत, चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकत्ता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लेखित दरको  पचास प्रतिशत रकम मात्र दिइनेछ। अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ।

२. मुसिकोट नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ताबापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ताबापतको रकम उपलब्ध गराइने छैन ।

३. <u>इजलास भत्ताः</u> नगरपालिकाका न्यायिक समितिका सदस्यहरुलाई मात्र प्रति महिना बढीमा दुईवटा बैठकको लागि प्रति बैठक पाँचसय रुपैयाँ उपलब्ध हुनेछ ।

४. <u>समिति भत्ताः</u> विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यलाई मात्र बढीमा बार्षिक बाह्रवटा बैठकको लागि प्रतिबैठक पाँचसय रुपैयाँ उपलब्ध हुनेछ ।

# अनुसूची–२

## (दफा ३ सँग सम्बन्धित)

## स्थानीय तहका पदाधिकारी, सदस्य र सभाका सदस्यको

## पद तथा गोपनियताको शपथ

म............... (पूरा नाम)...............................मुलुक र जनताप्रति पुर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै जनताको / ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही ................. मुसिकोट नगरपालिकाको .......................... पदको कामकाज प्रचलित कानूनको अधिनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई पदीय गोपनियता कायम राखी इमान्दारीसाथ गर्नेछु  र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानूनबमोजिम गाप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मितिः

नाम थरः

दस्तखतः

**औठा छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

मुसिकोट नगर सभाको सम्बत् २०७५ साल अषाढ २९ गते बसेको बैठकले नेपालको संविधानको धारा २२६ बमोजिम यो ऐनलाई पारित गरेको व्याहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

प्रमाणिकरण गर्नेको दस्तखत

इति सम्बत् २०  साल ....... गते रोज ..... शुभम् ।

आज्ञाले,

माधव प्रशाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत